# बजेट बक्तव्य

## आ.व. २०८३।०८४

**आदरणीय गाउँ सभा अध्यक्षज्यू,**

**गाउँ सभा सदस्यज्यूहरु,**

यस गरिमामय गाउँ सभामा घ्याङलेख गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु ।यस अवसरमा म नेपालको राजनैतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाईते तथा अंगभंग भएर जीवन यापनमा रहनुभएका सबै लोकतन्त्रवादी योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस गाउँपालिकाको जिम्मेवारी ग्रहण गरेको चार वर्ष व्यतित भईसकेको छ । बितेको चार वर्षमा गाउँपालिकाबासी प्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै गाउँपालिकाबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु । विश्वव्यापी सृजित आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र सङ्कुचित भएको परिप्रेक्ष्यमा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा परी खुम्चिएको छ । सन्तुलित एवं समावेशी विकासका लागि उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्दै घ्याङलेख गाउँपालिकालाई मुलुककै स्यानीय तहहरुमा गणनामा स्थापित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु । स्थानीय युवा जनशक्तिलाई पालिकाभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका उच्च प्रतिफल दिने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवद्र्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायलाई सीप तथा उद्यमशिलता विकासद्धारा उत्पादनमुखी उद्योगमा आधारित आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ। नेपालको संविधान, २०७२, १७ औं योजना, दिगो विकास लक्ष्य, घ्याङलेख गाउँपालिकाको आवधिक

योजना, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु।स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघ संस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु।

**सभाध्यक्ष महोदय**,

अब म घ्याङलेख गाउँपालिको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. २०८२/०८३ को बजेट कार्यान्वयनको संक्षिप्तमा समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

१. भरपर्दो तथ्याङ्कीय संयन्त्रको अभावमा गाउँपालिकाले स्थानीय आर्थिक सर्वेक्षण गरी वार्षिक प्रतिवेदन तयार गर्न हालसम्म पनि नसकिएको हुँदा स्थानीय अर्थतन्त्रको कुल ग्रार्हस्थ उत्पादन, वार्षिक आर्थिक वृद्धिदर, क्षेत्रगत आर्थिक उत्पादन एवं वृद्धिदर एकीन गर्न सकिएको छैन। आगामी दिनहरुमा यसतर्फ गम्भीर प्रयास गरिनेछ।

२. चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल रु.४५ करोड ४८ लाख ९४ हजार ९० बजेट विनियोजन रहेकोमा विनियोजनको ८०% खर्च हुने संशोधित अनुमान छ। जस मध्ये चालु खर्च २६ करोड १० लाख २७ हजार ३ सय ११ अर्थात ८६% र पूँजीगत खर्च रु.१० करोड २८ लाख ८७ हजार ९ सय ६१ अर्थात् विनियोजनको ६७% खर्च हुने संशोधित अनुमान छ।

३. चालु आर्थिक वर्षमा संघीय समानीकरण अनुदान ८.५५% कटौती, संघीय सरकारको राजश्व बाँडफाँडको बजेट सिमामा करिब ८५ प्रतिशतमात्र निकासा हुने प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन करको समेत करिब ७५ प्रतिशत मात्र रकम निकासा हुने र आन्तरिक आयको अपेक्षित राजश्व संकलन नभएको अवस्था एवं गत विगत आर्थिक वर्षहरुको तथ्यलाई आधार मानी आ.व. २०८३/०८४ को बजेट निर्माण गर्दा कार्यक्रम तथा योजनाहरुको प्राथमिकिकरण गरी विनियोजन गर्ने व्यवस्था मिलाएको छु।

**सभाध्यक्ष महोदय,**

म अब गाउँपालिकाको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु।

४. देशमा न्यूनीकरण हुन नसकेको आर्थिक मन्दीको कारण उत्पादनमूलक एवं निर्माणजन्य उद्योगहरुमा राष्ट्रिय आर्थिक असर देखिएको छ। भरपर्दो विद्युत आपूर्तिको अभावमा उद्योगधन्दा पूर्ण क्षमतामा चल्न नसकेको मात्र हैन वैकल्पिक विद्युत आपूर्ति लागत उच्च हुँदा उत्पादन लागत समेत बढेको छ।

५. चालु खर्च निरन्तर रुपमा वृद्धि हुँदै गएपनि पूँजीगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन। गाउँपालिकाभित्र संघ र प्रदेश सरकारबाट अघि बढाईएका आयोजनाहरुमा निर्माण व्यवसायी तथा उपभोक्ता समितिले समयमै कार्य प्रगति नगरेको, गाउँपालिकाले सञ्चालन गरेका आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवाद, मुआब्जा सम्बन्धी विवाद, मुद्दा मामिला जस्ता अवरोधहरुले पूँजीगत खर्च लक्ष्य अनुरुप हुन सकेको छैन।

६. उच्च प्रतिफलयुक्त, पालिकाको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी “गाउँपालिका आयोजना बैंक” तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छ ।

७. सङ्घीय एवं प्रदेश सरकारबाट हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणप्रतिको अति निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायराभित्र ल्याउनु, व्यवसाय मैत्री करको वैज्ञानिक दर निर्धारण गरी आन्तरिक राजश्वको दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौतीपूर्ण छ।

८. स्थानीय उद्योग व्यवसायीहरुलाई लगानी  शान्ति र सुरक्षाप्रति पूर्ण रुपमा आश्वस्त तुल्याई लगानी मैत्री वातावरण कायम राख्ने चुनौती हाम्रो सामु छ।

९. प्रशासनिक संयन्त्रलाई चुस्त, दक्ष, उच्च उत्प्रेरणा युक्त तुल्याउँदै जनउत्तरदायी, नतिजामुखी स्थानीय सरकारको उद्देश्य प्रभावकारी तवरबाट हासिल गर्नुछ।

१०. उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ। पालिका सौन्दर्यीकरण, पालिका सरसफाई जस्ता अभियानले पालिकाको पर्यटन क्षेत्र विकास हुने विश्वास लिइएको छ।

**सभा अध्यक्षज्यू**

**आर्थिक वर्ष २०८३/०८४ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु ।**

क) पालिका अर्थतन्त्रलाई चलायमान बनाई उच्च एवं समावशी आर्थिक वृद्धि हासिल गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने ,

घ) सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तीव्रता दिने ।

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु** ।

अ) शिक्षा एवं स्वास्थ्य,

आ) खानेपानी, सरसफाई व्यवस्थापन एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार

उ) डिजिटल सेवा प्रवाह एवं सुशासन

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व. २०८३/०८४ को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**कृषि तथा पशुपालन**

११. कृषि उत्पादन, प्रबर्द्धन र सामुहिक तथा व्यक्तिगत पशुपालन व्यवसायलाई प्राथमिकता दिई रोजगारी श्रृजना गर्न गैर सरकारी संस्था सम्झौता गरी साझेदारी कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन निरन्तरता दिईएको छ।

१२. रासायनिक मलप्रतिको आकर्षण एवं निर्भरता न्यून गर्दै प्राङ्गरिक मलको प्रयोग गरी कृषकहरुलाई अर्गानिक खेतीतर्फ आकर्षित गर्दै माटोको गुणस्तर सुधारका लागि माटो परीक्षण ल्याब संचालन गरी कार्यक्रमहरु अगाडि बढाइनेछ ।

१३. गाउँपालिकाभित्र उत्पादित कृषि उपज तथा लघु उद्यमीहरुबाट तयार भएका वस्तुहरुको समुचित बजार व्यवस्थापनका लागि पालिकाको वडा नं.१, २ र ३ मा निर्माण भएको साझा सुविधा केन्द्रमा संकलन गरी बजार व्यवस्थापन गरिनेछ।

१४. सामाजिक विकास कार्यालय बागमती प्रदेश र गाउँपालिकाको साझेदारीमा गृहिणी महिला ससक्तिकरण कार्यक्रम मार्फत विभिन्न सीपमूलक तालिम प्रदान गरी गृहिणीहरुको आर्थिक जीवनस्तरमा सुधारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**वन तथा वातावरण**

१५. जथाभावी ढलान गर्ने र जंगल फडानी गर्ने कार्यले भूमिगत जल सतह घट्दै गएको हुँदा सार्वजनिक जलश्रोतका मुहानहरुको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ।

१६. गाउँपालिकाभित्र निर्माण हुने पूर्वाधारहरुलाई वातावरणमैत्री बनाउने कार्यमा जोड दिईने छ।

१७. सडकका दायाँबाँया, सार्वजनिक खाली जग्गामा वृक्षारोपण गरी हरित पालिका अभियान सञ्चालन गरी गाउँटोलको सौन्दर्यकरणमा जोड दिईनेछ।

**भूमि व्यवस्था तथा सहकारी**

१८. पालिकामा रहेका सबै सरकारी एवं सार्वजनिक स्वामित्वका जग्गाको खोजी एवं संरक्षण गरी डिजिटल अभिलेख राखिनेछ।

१९. बचत तथा ऋण सहकारी संस्थाहरुबाट बचतकर्ताहरुको हित विरुद्ध हुनसक्ने सबै किसिमको जोखिम एवं अवैध गतिविधि नियन्त्रण गर्न कानूनी एवं प्रशासनिक संयन्त्रलाई सुदृढ तुल्याइने छ। कृषि तथा उत्पादनमुखी सहकारी स्थापना गर्न विशेष सहजीकरण गरिनेछ।

२०. भूमिहीन दलित, भूमिहीन, सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन, तथ्याङ्क अद्यावधिक गरी आवश्यक जनशक्तिको उचित व्यवस्था गर्दै जग्गाधनी पूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

**औद्योगिक विकास**

२१. गाउँपालिकाभित्र स्थापित उद्योगहरुले उत्पादन गरेका सेवा तथा वस्तुहरुको यथोचित संकलन तथा बजार व्यवस्थापन गर्ने कार्यका लागि नीतिगत व्यवस्था गरिने छ ।

२२. महिला औद्योगिक ग्राम स्थापना गरी महिला दिदीबहिनीहरुलाई संगठित तुल्याई विभिन्न किसिमका घरेलु हाते सामाग्रीहरु उत्पादन गरी यस्तो वस्तुको बजार व्यवस्थापनमा पालिकाबाटै सहजीकरण गरी प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग न्युनिकरण गरिनेछ ।

२३. गाउँपालिकाको वडा नं. ४ चौकिडाँडामा औधोगिक ग्राम स्थापनाको लागि DPR कार्य सम्पन्न गरिसकेकोले औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन कार्य गर्दै निर्माणको लागि पहल गरिनेछ ।

## संस्कृति तथा पर्यटन

२४. फापरचुली, लाखाङ गुम्बा, सातदोबाटो लगायत गाउँपालिकाभित्र रहेका विभिन्न धार्मिक एवं सांस्कृतिक सम्पदाहरुको रुपमा स्थापित गर्न संघ र प्रदेश सरकारसँग समन्वय गर्दै अगाडि बढिनेछ ।

२५. पालिकाभित्रका मठमन्दिर, गुम्वा जस्ता सांस्कृतिक एवं धार्मिक सम्पदाको अभिलेखीकरण गरी पुरातात्विक विशेषता कायमै रहने गरी पुनः निर्माण, नव निर्माण एवं मर्मत सम्भार गरिनेछ।

२६. परम्परादेखि चलिआएका जात्रा, पर्व मेलाहरु स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

२७. उद्योग वाणिज्य संघ एवं स्थानीय संघ संस्थासँगको साझेदारीमा घ्याङलेखमा लाग्दै आएको पर्व, मेला, जात्राहरुलाई थप परिष्कृत गर्दै निरन्तरता दिइने छ।

२८. जातीय पहिचानको महत्वलाई झल्कने ऐतिहासिक संग्राहालय निर्माण गर्नका लागि जातीय पहिचान स्थापित गर्ने कार्यहरुलाई निरन्तरता दिईने छ।

## शिक्षा, विज्ञान तथा प्रविधि

२९. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक विद्यालय शिक्षक स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ। संस्थागत विद्यालयहरुको सूचकमा आधारित वर्गीकरण गरी वैज्ञानिक शुल्क निर्धारण गरिनेछ।

३०. सबै विद्यालयहरुमा आधुनिक प्रविधिको व्यवस्था गरी सुविधा युक्त विज्ञान प्रयोगशाला निर्माण गर्दै लगिनेछ। विद्यालयहरुमा Smart Class को अवधारणा लागु गर्न प्रारम्भिक कार्य अघि बढाईनेछ ।

३१. संघ, प्रदेश तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी सामुदायिक विद्यालयहरुका लागि शिक्षा पूर्वाधार एवं शिक्षण सामाग्रीहरुको प्रबन्ध गर्न गाउँपालिकाबाट पहलकदमी गरिने छ।

३२. यस गाउँपालिकाको वडा नं. ५ मा संचालित नेत्रकाली मावि रामपुरमा कृषि धार प्राविधिक विषयको पठनपाठन कार्यको थालनी गरिएको छ। आगामी

आर्थिक वर्षहरुमा पनि नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकामा संचालित अन्य सामुदायिक विद्यालयहरुमा थप प्राविधिक शिक्षालय स्थापना गर्न विशेष पहल गरिनेछ।

३३. पालिकाभित्र स्थापित पुस्तकालयहरुलाई डिजिटलाईजेशन गरी **E-Library** (ई–लाईब्रेरी) सेवा सञ्चालन गरी आधुनिकीकरण गरिनेछ।

३४. सामुदायिक विद्यालयहरुको पठनपाठन गराउने शैलीलाई प्रविधिमैत्री बनाउनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी अगाडि बढाउने कार्यको थालनीमा जोड दिईने छ।

३५. नेपाल सरकार, प्रदेश सरकारको सहयोग र स्थानीय श्रोत परिचालन गरी नव प्रवर्तन साझेदारी विकासका कार्यक्रम संचालन गरिने छ।

३६. अनिवार्य तथा निशुल्क शिक्षा कार्यक्रम मार्फत विद्यालय छोड्ने विद्यार्थीहरु शुन्य बनाउन विभिन्न शैक्षिक प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।

**स्वास्थ्य सेवा**

३७. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एव विकेन्द्रित रुपबाट उपलब्ध गराउन पालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ सहितको घुम्ति शिविर मार्फत निशुल्क स्वास्थ्य परीक्षण सेवा सञ्चालन गरिनेछ।

३८. प्रयोगशाला सेवालाई सुपथ र सुलभ तुल्याउन बस्तीपुर स्वास्थ्यचौकीमा निर्माण भएको प्रयोगशालाबाट सेवा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक जनशक्ति, उपकरण एवं सामग्रीहरुको प्रबन्ध गरिनेछ।

३९. पालिकाका सबै वडाहरुमा भौगोलिक जटिलताका कारण सरल, सुलभ, सस्तो प्रसुती सेवा प्रवाह गर्नका लागि **Birthing Center** स्थापना गर्ने कार्यलाई निरन्तरता दिईने छ।

४०. निर्माण भईसकेका बर्थिङ सेन्टरहरुलाई आगामी आ.व.मा श्रोत साधन थप गर्ने कार्यमा निरन्तरता दिईने छ।

४१. गाउँपालिकाबासीहरुको स्वास्थ्य परीक्षण गरी रोग लाग्नबाट बेलैमा सचेत बनाउनका लागि निःशुल्क घुम्ती स्वास्थ्य शिविर सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।

४२. आर्युवेदिक चिकित्सा पद्दतिप्रति नागरिकको सहभागिता बढाउन आयुर्वेद जागरण कार्यक्रम सञ्चालन गरी विद्यालयहरु तथा सार्वजनिक स्थलहरुमा योगकक्षा तथा योग शिविर सञ्चालन गरिनेछ।

**सरसफाई तथा खानेपानी**

४३. “म सफा गर्छु मेरो घर आँगन, स्वच्छ, सुन्दर गाउँ अभियान” सञ्चालन गरी आ–आफ्नो आवास क्षेत्र सरसफाईमा सबै गाउँबासीको सक्रिय सहभागिता जुटाईनेछ। यसका लागि सफाई घरपरिवार पहिचान गरिनेछ। उत्कृष्ट सफाई घरपरिवार पहिचान गरी पुरस्कृत गरिनेछ।

४४. गाउँघरलाई हरियाली, वातावरणमैत्री तथा सरसफाई युक्त बनाउनका लागि एक घर एक विरुवाको अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक नितिगत व्यवस्था गरिने छ।

४५. गाउँपालिकाको जनप्रतिनिधिसँग सरसफाई कार्यक्रमको अभियानलाई कार्यान्वयनमा ल्याउन पहल गरिने छ।

४६. आगामी आर्थिक वर्षबाट सफा गाउँ, स्वस्थ मानिस कार्यक्रम अन्तर्गत सवै नागरिकहरुले आफ्नो घर वरपरका सडक, ढल, आँगन सरसफाई गर्ने र उत्कृष्ट सरसफाई घर घोषणा गरी पुरस्कारको व्यवस्था गरिने कार्यको थालनी गरिने छ।

४७. गाउँबासीहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न सवै टोलहरुमा टोल विकास संस्था एवं खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी सोही मार्फत श्रोत परिचालन गर्ने आवश्यक नीतिगत व्यवस्था गरिने छ।

४८. स्थानीयबासीहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न लागि उपयुक्त प्रविधिहरु प्रयोगमा ल्याइनेछ।

४९. सडक निर्माण भएका स्थानहरुमा ढल व्यवस्थापन कार्यलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ।

५०. सडक स्तरोन्नति कार्यलाई अगाडि बढाउँदा ढल निर्माण अनिवार्य गर्नुपर्ने नितिको तयार गरिने छ।

५१. प्रदेश सरकारको सहयोगमा गाउँपालिकाका बासिन्दाहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन र सफा गाउँपालिका निर्माण गर्नका लागि गत आर्थिक वर्षमा खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण कार्य सम्पन्न भइसकेकाले बजार क्षेत्रको फोहरमैला व्यवस्थापनका लागि डस्बिन वितरण कार्य गरिनेछ ।

**खेलकुद**

५२. बालकदेखि वृद्धसम्मलाई विभिन्न खेलकुद तर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनमा जोड दिइनेछ। यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

५३. गाउँपालिका स्तरीय व्याटमिन्टन कभर्डहल निर्माण कार्य सम्पन्न भएकाले यसलाई थप सुदृढीकरणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

५४. विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड संचालन गर्नका लागि आवश्यक बजेट व्यवस्थापन गरी विद्यार्थीहरुमा खेलप्रति रुचि बढाउनका लागि प्रेरित गरिनेछ ।

५५. पालिकास्तरीय खेलमैदान निर्माण कार्य सम्पन्न गरी विभिन्न खेलकूल कार्यक्रमहरु संचालन गरिनेछ ।

**महिला बालबालिका तथा जेष्ठ नागरिक**

५६. जेष्ठ नागरिकहरुको अनुभवलाई सामुदायिक हितमा लगाउन र जेष्ठ नागरिकहरुलाई मनोरञ्जनपूर्ण जीवन सहजीकरणको लागि सवैलाई सहज हुने स्थानमा मैत्री पार्कको निर्माण गरिनेछ। जेष्ठ नागरिक समाज गठन गरी संस्थागत जेष्ठ नागरिक कार्यक्रमहरु सञ्चालन गरिने छ।

५७. महिला सशक्तिकरण एवं उद्यमशीलता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। हिंसा पीडित महिलाको संरक्षणका लागि पालिकाभित्र निर्माण भएको सेफ हाउस कार्यान्वयनमा ल्याउन नितिगत व्यवस्था गरिने छ।

५८. पालिकाभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ।

५९. बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप गाउँपालिकाका सवै वडाहरुलाई क्रमशः बालमैत्री वडा घोषणा गर्दै लगिने कार्यको प्रारम्भ गरिने छ।

६०. शिक्षा ऐन तथा नियमावली बमोजिम सबै तहका कक्षाहरुमा विपन्न तथा जेहेन्दार लक्षित छात्रवृत्ति अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा लागु गरिनेछ। सामुदायिक शिक्षा पूर्ण रुपमा निःशुल्क गरिनेछ।

## यातायात पूर्वाधार

६१. अन्तर वडाहरु जोड्ने ग्रामीण सडकको कम्तीमा ११ फिट मापदण्ड तोकी सुरक्षित एवं गुणस्तरीय यातायात पूर्वाधार विकास गर्दै ग्रामीण वडाहरुलाई आधुनिक शहर केन्द्रसँग सञ्जालीकृत तुल्याइनेछ।

६२. गाउँपालिकाका सवै वडाहरुमा निर्माणाधिन अवस्थामा रहेका सडकहरुको स्तरोन्नति कार्यलाई प्राथमिकतामा राखी बाह्रयै महिना राष्ट्रिय सडक संजालसँग जोडिने गरी यातायात सेवा संचालन गर्न वातावरण मैत्री हरित सडक सञ्जाल विकास कार्य अघि बढाईनेछ।

६३. बस्ती स्तरका भित्री गल्ली सडकहरुलाई पालिकाको मापदण्ड अनुसार वातावरण मैत्री एवं सौन्दर्यकरण बनाईने छ।

## आवास तथा शहरी विकास

६४. भू–उपयोग नीति बमोजिम गाउँपालिका भित्र रहेका जग्गाहरुको वर्गिकरण गरी विभिन्न स्थानहरुमा सम्पूर्ण शहरी सेवा सुविधा सहितको एकीकृत शहरीकरणको सम्भाव्यता अध्ययन गरिनेछ ।

६५. भवन तथा संरचना निर्माण मापदण्डलाई समयानुकुल परिमार्जन गरी नक्शा पास गर्दा अनिवार्य रुपमा एक घर दुई विरुवा रोप्ने नीति लागु गरिनेछ ।

६६. घर नक्सा इजाजत प्रणालीलाई अनलाईन प्रणालीमा कार्यान्वयनमा ल्याई पूर्ण रुपमा डिजिटलाईजेसन गरिनेछ।

६७. पालिकाभित्र विना नक्शा बनेका संरचनाहरुको अभिलेखीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि गाउँपालिकाबाट घर नक्शा नियमित गर्ने सूचना प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईने छ।

**जलाधार संरक्षण र नदी नियन्त्रण**

८. पालिकाभित्रका सिमसार तथा पानीका मुहानहरुको संरक्षण गरिनेछ।

६९. पालिकाभित्रका मुख्य नदीहरुबाट हुने बाढीजन्य प्रकोप नियन्त्रणका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरी जोखिमयुक्त सबै नदीहरुमा तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिईने छ।

७०. रामपुर खोला, मरिण खोला, तामाजोर खोला, सिम्ले खोला र अन्य खोलाहरु नियन्त्रण गरी बस्ती संरक्षणको कार्यलाई निरन्तरता दिईने छ।

७१. नदी नियन्त्रणबाट उकास भएको जग्गामा सामुहिक बगर खेती र करार खेती प्रवर्द्धन गरिनेछ।

७२. सौर्यबत्ती, वायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ।

७३. भोल्टेजको अनियमितताका कारण संचार सेवा र विद्युत सेवा अवरुद्ध भईरहेको हुँदा पालिकाको विभिन्न स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा ट्रान्सफर्महरु जडान साथै विस्तार गर्ने कार्यलाई निरन्तरता दिईने छ।

**विपद् व्यवस्थापन**

७४. पालिकाको विपद् जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य कार्ययोजना अद्यावधिक गरी सोही अनुरुप विपद् व्यवस्थापन कार्य अघि बढाइनेछ।

७५. सुरक्षा निकायसँगको समन्वयमा उद्धार तथा प्रतिकार्यमा उपयोग हुने उपकरण एवं सामग्रीहरु खरिद गरी व्यवस्थापन गरिने कार्यलाई निरन्तरता दिईने छ।

७६. आकस्मिक रुपमा पर्न सक्ने सम्भावित विपद्हरुको आँकलन गरी तत्काल उध्दार तथा राहतका लागि पालिका स्तरीय स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरिएको छ। साथै ५ वटै वडाहरुमा विपद् सूचकको व्यवस्था गरिएको छ ।

७७. जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी राहत तथा उद्धारका लागि प्रत्येक वडामा दक्ष जनशक्ति तयार गर्ने कार्यको थालनी गरिने छ।

७८. पालिकाका प्रमुख स्थानहरुमा तत्काल उद्धार तथा पुनस्र्थापना केन्द्र सञ्चालन गर्न उपयुक्त स्थानहरु पहिचान गरिनेछ।

**कानून तथा न्याय**

७९. न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ। न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

८०. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट कार्य सम्पादन गर्न आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरु तर्जुमा गरिनेछ।

८१. पालिकाको स्थानीय ऐन संग्रह प्रकाशित गर्ने कार्यलाई निरन्तरता दिईने छ।

८२. विवादरहित गाउँपालिका बनाउन सामुदायिक मेलमिलाप केन्द्रहरुलाई सक्रियताका साथ संचालन गर्न यसै आ.व.मा थप मेलमिलापकर्ताहरु तयार गर्न बजेटको व्यवस्था मिलाइने छ।

**शान्तिसुरक्षा**

८३. गाउँपालिकाको केन्द्रमा तथा विभिन्न स्थानहरुमा जडान गरिएको सि.सि.टि.भी. क्यामेराहरु लाई सुविधा सम्पन्न बनाई डिजिटल सेक्युरिटी मोनिटरिङ्गमा जोड दिइनेछ ।

## आर्थिक योजना तथा तथ्याङ्क

८४. स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति लिई जनशक्ति एवं प्रविधियुक्त तुल्याई स्थानीय अर्थतन्त्रका सबै अवयवहरुको तथ्याङ्क प्रकाशन गरिनेछ।

८५. पालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ। यसको लागी विज्ञहरु सहितको गाउँ योजना सुझाव आयोग गठन गरिनेछ।

८६. घ्याङलेख पालिका आयोजना बैँक तर्जुमा गरिनेछ।

## शासकीय सुधार

८७. कार्यालयका विभिन्न शाखाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृध्दि गर्नका लागि संघ, प्रदेश तथा अन्य निकायसँग सहकार्य गरी विषयगत क्षेत्रको तालिमको व्यवस्था मिलाइने छ।

८८. गाउँसभाबाट स्वीकृत दरबन्दीमा पदपूर्ति गर्दै कार्यालयबाट सम्पादन हुने सेवा प्रवाहलाई विशिष्टिकरण गर्दै लगिने छ।

८९. पालिकाका सबै कामलाई कागजरहित बनाई सहज, सरल र सुलभरुपमा सेवा प्रवाह गरिनेछ। राजश्व प्रणालीलाई करदाताले सबै प्रकारको राजश्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने गरी परिमार्जित गरिनेछ।

९०. भ्रष्टचारमा शून्य सहनशीलताको नीति लिई भ्रष्टाचारजन्य कार्यमा संलग्नलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

९१. गाउँपालिकालाई तिर्न, बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति वा फर्मलाई आफ्नो बक्यौता बुझाउन नआएमा त्यस्तो व्यक्तिको लागि कानूनी उपचारको विधि अवलम्बन गरिने छ।

९२. कार्यालयमा **Paperless, faceless** र **Cashless** को अवधारणा साथै **IT Base** सेवा प्रवाहलाई सुदृढीकरण गर्न **Digital Governance** को अवधारणालाई कार्यान्वयन गर्दै लगिनेछ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

९३. आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि कुल बजेट रु. ४४ करोड ९८ लाख ५६ हजार विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. २८ करोड ३४ लाख ५६ हजार  अर्थात विनियोजनको ६३ प्रतिशत त्यसैगरी पूँजीगततर्फ रु. १६ करोड ६४ लाख अर्थात विनियोजनको ३७ प्रतिशत र वित्तीय व्यवस्थापन तर्फ कुनै दायित्व नरहेको व्यहोरा अवगत गराउँछु।

९४. आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये नेपाल सरकारको वित्तीय समानीकरणबाट रु. ७ करोड ५३ लाख, सङ्घीय राजश्व बाँडफाँडबाट ८ करोड १५ लाख १९ हजार, नेपाल सरकारको ससर्त अनुदान बाट रु. १६ करोड १६ लाख , विशेष अनुदान रु. ९२ लाख, प्रदेश वित्तीय समानीकरण अनुदानबाट रु. ५९ लाख ५६ हजार,  प्रदेश राजश्व बाँडफाँड रु. ३ करोड २१ लाख ३९ हजार १ सय ४०, समपूरक अनुदान रु.२ करोड ४८ लाख ५० हजार , विशेष अनुदान रु. ७० लाख, स्थानीय राजस्व बाडफाड रु. ३० लाख र आन्तरिक स्रोतबाट रु. ५० लाख समेत गरी समेत गरी रु. ४० करोड ७२ लाख ४३ हजार १ सय ४० श्रोत एकीन भई वाँकी रु. ४ करोड १६ लाख १२ हजार ८ सय साठ्ठी रुपैयाँ खुद घाटा रहेको छ। उक्त घाटा बजेटलाई आन्तरिक श्रोतलाई अधिकतम परिचालन, आर्थिक वर्ष २०८२/०८३ वर्षान्तमा हुने बैंक मौज्दात, प्रशासनिक खर्चबाट बचत,  आय ठेक्का र साझेदारी निकायको सहयोगबाट प्राप्त हुने रकमबाट व्यहोरिने

जानकारी गराउँदछु। शीर्षकगत रुपमा विनियोजन गरिएको कार्यक्रम तथा बजेट तपसिल अनुसार रहेको छ।

| व्यय | | |
|---|---|---|
| **क्र.स.** | **कार्यक्रम तथा बजेट** | **रकम रु.** |
| १ | गाउँपालिका स्तरिय योजना र कार्यक्रमहरू | ६,१२,३४,०००।- |
| २ | प्रशासनिक खर्च | ११,९८,४३,०००।- |
| ३ | महिला तथा बालबालिका | ५,००,०००।- |
| ४ | न्यायिक समिति | १०,००,०००।- |
| ५ | खानेपानी तथा सरसफाइ | ५,००,०००।- |
| | कृषि शाखा | ५०,००,०००।- |
| ६ | पशु शाखा | २५,००,०००।- |
| | शिक्षा शाखा | ४०,००,०००।- |
| ७ | सहकारी तथा गरिवी निवारण | ४,००,०००।- |
| | स्वास्थ्य शाखा | ३२,००,०००।- |
| ८ | पंजीकरण शाखा | ३,००,०००।- |
| | रोजगार, सीप तथा उद्मशिलता केन्द्र | १८,००,०००।- |
| ९ | नागरिक आरोग्य सेवा केन्द्र | ५,००,०००।- |
| १० | विपद् व्यवस्थापन | १४,००,०००।- |
| ११ | बहुक्षेत्रीय पोषण कार्यक्रम साझेदारी | ६,००,०००।- |
| १२ | लघु उद्दम विकास कार्यक्रम | १०,००,०००।- |
| १३ | घ्याङलेख गाउँपालिका वडा नं. १ | ७२,५०,०००।- |
| | घ्याङलेख गाउँपालिका वडा नं. २ | ७२,५०,०००।- |

| | | |
|---|---|---|
| १४ | घ्याङलेख गाउँपालिका वडा नं. ३ | ७२,५०,०००।- |
| | घ्याङलेख गाउँपालिका वडा नं. ४ | ७२,५०,०००।- |
| १५ | घ्याङलेख गाउँपालिका वडा नं. ५ | ७२,५०,०००।- |
| १६ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | १६,१६,००,०००।- |
| १७ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान | ९२,००,०००।- |
| १८ | प्रदेश सरकारबाट हस्तान्तरित ससर्त कार्यक्रम | ७१,७९,०००।- |
| १९ | प्रदेश सरकारबाट हस्तान्तरित विशेष अनुदान | ७०,००,०००।- |
| २० | प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान | २,४८,५०,०००।- |
| **जम्मा** | | **४४,९८,५६,०००।-** |

९५. गाउँपालिकाले योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाउँदा त्रैमासिक रुपमा प्राथमिकीकरण गरी तयार गरिएको खरिद योजना र विभिन्न श्रोतहरुबाट प्राप्त भएको बजेटको परिधिमा रही संचालन गर्ने नीति अवलम्बन गरिने छ।

**सभा अध्यक्षज्यू**

आगामी आर्थिक वर्ष २०८३/०८४ को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु।

९६. स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ। आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगो

वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उद्धेश्यको रुपमा लिएको छु।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ।

क) पालिकाभित्र संचालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि विभिन्न खालका अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रमहरु गरिने छ।

ख) पालिकाभित्र रहेका खोला, नदीहरुमा भएका दोहनलाई नियन्त्रणमा ल्याउनका लागि आवश्यक नीतिको अवलम्बन गरिने छ।

ग) सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्नेलाई न्यूनतम रु.१०००।- सम्म जरिवानाको व्यवस्था गरेको छु।

घ) गाउँपालिकामा उत्पादन भएका सामानहरु पालिका क्षेत्र बाहिर निकासी हुँदा उचित कर असुल गर्ने कार्यको थालनी गरिने छ।

ङ) महाभारत क्षेत्रमा वातावरणीय दृष्टिकोणले मनमोहक, रमणीय दृश्यहरुको अवलोकन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई आम्दानीको श्रोत बढाउन नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा विभिन्न पूर्वाधारहरुको निर्माण गर्दै लगिने छ।

च) महाभारत क्षेत्रमा प्रचुरमात्रमा रहेको जडीबुटी उत्पादन तथा प्रशोधनको सम्भावनालाई व्यवसायिक रुपमा उद्योग संचालन गरी आम्दानी बढाउन पहल गरिने छ।

छ) राजश्व प्रणालीलाई प्रविधि मैत्री, करदाता मैत्री बनाई कर सहभागीता लागत घटाई कर परिपालना अभिवृद्धि गरिनेछ।

**सभा अध्यक्ष महोदय,**

९७. आर्थिक वर्ष २०८२/०८३ को संशोधित अनुमान र आर्थिक वर्ष २०८३/०८४ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान अनुसूची १/२ मा उल्लेख गरेको छु।

९८. बजेटमा प्रस्तावित वित्तीय तथा राजश्व सुधारका नीतिबाट आन्तरिक राजश्वको कर आधार फराकिलो हुने, प्रशासनिक खर्चमा मितव्ययीता कायम भई पूँजीगत खर्चको गुणस्तर एवं प्रभावकारिता बढ्ने अपेक्षा राखेको छु।

९९. बजेट तर्जुमाको क्रममा महत्वपूर्ण सल्लाह सुझाव प्रदान गर्नुहुने कार्यपालिका एवं पालिकासभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रबुद्ध नागरिक समाज, विज्ञ व्यक्तित्वहरु, राजनैतिक दलका प्रतिनिधिहरु एवं गाउँपालिका कर्मचारी मित्रहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यस बजेटको नतिजामूखी र प्रभावकारी कार्यान्वयनमा सबै पक्षबाट यथेष्ट सहयोग प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद।**

**जय घ्याङलेख।**